# समृद्ध नेपालका लागि सडक, रेल तथा यातायात विकासको

# पाँच वर्षे रणनीतिक योजना

## (२०७३–२०७८)



## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## २०७२

## पृष्ठभूमि

नेपाली जनताको ६५ वर्ष अगाडिदेखि आफ्नो देशको संविधान आफैं लेख्ने चाहना पूरा भई जनताका प्रतिनीधिहरुबाट निर्मित नेपालको संविधान, २०७२ संविधानसभाबाट जारी भई लागू भएको छ । नयाँ संविधान लागू भएपछि देश संघीयतामा प्रवेश गरेको छ भने मुलुकको अबको प्रमुख प्राथमिकता समृद्धि र विकास हुन आवश्यक छ ।

देशको पूर्वाधार विकासका लागि सडक यातायातको अत्यन्त ठूलो महत्व रहेको कुरा विभिन्न देशका उदाहरण एवं हाम्रो आफ्नै देशको अनुभवबाट समेत स्वतः स्पष्ट छ । देशको विशिष्टताका साथै यातायातका अन्य माध्यमको विकास र उपयोगको अवस्था विचार गर्दा नेपालका लागि अझै पनि अन्य माध्यमको तुलनामा सडक यातायातको महत्व अत्यन्त नै बढी भएको कुरा सडक विकासका लागि जनता र जनप्रतिनीधिहरुबाट भइरहेको मागबाट पनि स्पष्ट बुझ्न सकिन्छ ।

रेल यातायात विगतमा न्यून प्राथमिकतामा रहने गरेको र नगण्य विकास भएको भएतापनि लामो दूरीको लागि किफायति र प्रभावकारी हुनका साथै सामाजिक– आर्थिक विकास एवं पहुँच विस्तारका साथै देशको समग्र आर्थिक समुन्नतिका लागि रेल यातायातको विकास गर्नु आवश्यक भएको छ ।

बढदो जनसंख्या, अव्यवस्थित शहरीकरण एवं सार्वजनिक यातायात सेवामा विद्यमान अनुशासनहिनता तथा सिमित व्यक्ति /संस्थाहरुको मिलोमतोको कारणले सार्वजनिक यातायात क्षेत्रले आम जनतालाई यथोचित मात्रामा सेवा सुविधा उपलब्ध गराउन नसकिरहेको अवस्था विद्यमान रहेकोले यस क्षेत्रमा सार्वजनिक निकायको भूमिका अभिबृद्धि गर्दै सर्वसाधारणलाई प्रभावकारी, सर्वसुलभ, स्तरीय एवं वाताबरण मैत्री सेवा प्रदान गर्नु आजको आवश्यकता भएको छ ।

नवौं पञ्चवर्षीय योजनामा यातायात क्षेत्र, सडक उपक्षेत्रको मूल लक्ष्य "कूल यातायात खर्च न्यूनतम राख्ने" भन्ने निर्धारण गरिएको थियो । उक्त लक्ष्य प्राप्त गर्नका लागि सडक विभागको उद्देश्य "देश भित्र तथा वाह्य क्षेत्र सँगको सम्पर्क वृद्धि गरी सडक पहुँच नपुगेका क्षेत्रमा पहुँच पुर्‍याउनुका साथै सडक यातायातलाई भरपर्दो, सुरक्षित र कम

खर्चिलो बनाउन आवश्यक योजना तर्जुमा, निर्माण तथा संभार कार्यहरुको प्रभावकारी व्यवस्थापन गर्ने" निर्धारण भएको थियो ।

सडक विभागको रणनीति पत्र (The DoR Strategy 1995) मा नेपाल सरकारको सडक उपक्षेत्रको नीतिलाई व्यवहारिक रुपमा लागू गर्ने निकायको रुपमा सडक विभागका कार्यहरु निम्नानुसार परिभाषित गरिएको छ ।

– देशको यातायात सेवाको आवश्यकता पूरा गर्ने गरी सामारिक महत्वका सडक सञ्जाल (Strategic Road Network) को निर्माण गर्ने,
– निश्चित स्तरको सेवा प्रदान हुने गरी सडक सञ्जालको संभार गर्ने, र
– पैदल यात्रु लगायत सम्पूर्ण सडक प्रयोगकर्तालाई सडक प्रयोगमा यथोचित सुरक्षा प्रदान गर्ने ।

आ.व. २०७१/७२ को अन्त्य सम्ममा देशका २ वटा जिल्ला सदरमुकाम डोल्पा र हुम्ला बाहेक अन्य ७३ जिल्ला सदरमुकाम सडक यातायात सँग जोडिएका छन् भने सामरिक महत्वका करिब १५ हजार कि.मि. सडक र स्थानीय सडक सञ्जालका करिब ६० हजार कि.मि.सडक निर्माण भएको अवस्था छ । यसरी हालको अवस्थामा सडक सञ्जाल विकासको न्यूनतम आवश्यकता करिब करिब पूरा भएको अवस्था छ भने निर्माण सम्पन्न सडकहरुको स्तरोन्नति, सुदृढिकरण, सडक सेवा स्तर तथा सुरक्षा अवस्थामा सुधार एवं संघीय व्यवस्थाको स्वरुप सुहांउदो सडक सञ्जालको विकास गरी देशको आर्थिक सामाजिक विकासमा प्रभावकारी र दिगो रुपमा टेवा पुऱ्याउनु यातायात क्षेत्रको आजको आवश्यकता भएको सन्दर्भमा यातायात पूर्वाधार विकासका लागि देहायका कुरालाई विशेष रुपमा ध्यानमा राखिएकोछ ।

- जनताका प्रतिनीधिहरुबाट निर्मित नेपालको संविधान, २०७२ लागू भएपछि देश संघीयतामा प्रवेश गरेको र मुलुकको अबको प्रमुख प्राथमिकता समृद्धि र विकास हुने संकल्प ।
- नेपाललाई सन् २०२२ सम्ममा हालको अति कम विकसित मुलुकको अवस्थाबाट विकासशील मुलुकको स्तरमा पुर्‍याउने राष्ट्रिय अठोट ।
- सामाजिक– आर्थिक विकास एवं समृद्धिका लागि पूर्व शर्तको रुपमा यातायात पूर्वाधारको अत्यन्त ठूलो महत्व हुने यथार्थ ।

यस परिप्रेक्ष्यमा अब सडक विभागको लगानीको प्राथमिकता सम्बन्धमा सामरिक महत्वका सडकको प्राथमिकता लगानी योजना (Priority Investment Plan,2007) को पुनरावलोकन तथा परिमार्जन हालै सम्पन्न भएको छ भने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय (तत्कालिन भौतिक योजना तथा निर्माण मन्त्रालय) द्वारा वि.सं.२०६४ मा प्रकाशित सोच पत्र (Vision Paper), एवं राष्ट्रिय यातायात नीति, २०५८ समेतलाई आधार मानी सडक, रेलमार्गको विकास तथा आम यातायात सेवा (Mass Transit) को विकास गर्दै जनतालाई सुरक्षित, सुविधाजनक, प्रदुषणमुक्त, र सर्वसुलभ यातायात सेवा प्रदान गर्नका लागि आगामी ५ वर्षको आवश्यकता र स्वरुप बारे यो "समृद्ध नेपालका लागि सडक, रेल तथा यातायात विकासको पाँच वर्षे रणनीतिक योजना, (२०७३–२०७८)" तयार गरिएको छ ।

## रणनैतिक सडक सञ्जालको वर्तमान अवस्था

रणनीतिक सडक सञ्जाल अन्तर्गत हालसम्म करिव १५००० कि. मि. सडक निर्माण भएको छ भने १८५४ वटा पुल निर्माण कार्य सम्पन्न हुनुका साथै ६५० वटा पुलहरु निर्माणका विभिन्न चरणमा रहेका छन । रणनीतिक सडक सञ्जालको अवस्था देहाय अनुसार रहेको छ ।

- चारलेन कालोपत्रे सडक –४५ कि.मि.
- दुइलेन कालोपत्रे सडक –१२६६ कि.मि.
- सिंगल/इण्टरमेडियट लेन कालोपत्रे सडक –४९४५ कि.मि.
- ग्राभेलस्तरका सडक –१५२८ कि.मि.
- ट्र्याक खुलेका/ माटेस्तरका सडक –४३७० कि.मि.
- निर्माणाधिन सडक –२३४४ कि.मि.

## उद्देश्य

मुलुक संघीय संरचनामा प्रवेश गरिसकेको वर्तमान अवस्थामा संघ र प्रदेशहरुवीच, प्रदेश-प्रदेश वीच, प्रदेश र स्थानीय निकायहरु वीच र छिमेकी मुलुकहरुसँगको यातायात सम्पर्कका लागि प्रभावकारी, दिगो, भरपर्दो सुरक्षित र कम खर्चिलो यातायात सेवा प्रदान

गर्न राष्ट्रिय सडक सञ्जालको विकास र सुदृढिकरण, रेलमार्गको क्रमिक बिकास तथा प्रभावकारी यातायात व्यवस्थापन गरी समृद्ध नेपाल निर्माणमा सहयोग पुऱ्याउनु यस रणनीतिक योजनाको मूख्य उद्देश्य रहेको छ ।

## आधारभूत अवधारणा

१। राष्ट्रिय एकता, अखण्डता, क्षेत्रीय सन्तुलन र देशका विभिन्न भू-भागका जनताका वीच आपसी सु-सम्बन्ध कायम गरी समृद्ध नेपाल निर्माणको आधार तयार गर्ने गरी राष्ट्रिय सडक सञ्जालको विकास, सुदृढिकरण एवं सम्भार गरिनेछ ।

२। स्थानीय जनतामा सडक यातायातको पहुँचलाई प्रदेश र केन्द्र सम्म बाह्रै महिना सहज, सुलभ, सुरक्षित, प्रभावकारी, दिगो एवं भरपर्दो रुपमा विकास गरिनेछ ।

३। देशको राजधानी काठमाडौं र प्रत्येक प्रदेशको राजधानीलाई राष्ट्रिय राजमार्गसंग कम्तिमा १ वटा चारलेन सडक र अन्य वैकल्पिक सडकबाट समेत जोड्ने नीति लिइनेछ ।

४। राष्ट्रिय सडक सञ्जाललाई व्यापार विस्तार, विविधीकरण एवं अन्तरदेशीय पारवहन तथा ब्यापार  विस्तारमा टेवा पुग्ने गरी विकास गरिनेछ ।

५। सामाजिक आर्थिक एकीकरण, उद्योग व्यापारको विकास, पर्यटन विकास, बस्तु र सेवा उत्पादन तथा वितरणको प्रभावकारी व्यवस्थापनलाई टेवा पुऱ्याउने गरी सडक सञ्जालको विकास तथा विस्तार गरिनेछ ।

६। सडक सञ्जालको विकास तथा विस्तार सम्बन्धमा विभिन्न अन्तराष्ट्रिय मञ्चमा व्यक्त गरिएका प्रतिबद्धता लागू गर्ने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७। सडक विभागबाट निर्माण हुने रणनीतिक महत्वका सडक तथा पुलहरु न्यूनतम दुई लेनमा निर्माण गरिनेछ ।

८। सडक उपक्षेत्रमा हुने आन्तरिक तथा बाह्य लगानीको श्रोतलाई छरिन नदिई आर्थिक तथा प्राविधिक सम्भाब्यता एवं प्रतिफलका आधारमा मात्र योजना छनौट, निर्माण, संभार एवं स्तरोन्नतीका कार्यहरु कार्यान्वयन गर्ने परिपाटी अनिवार्य रुपमा लागू गरिनेछ ।

९। लामो दूरीको मालसामान ढुवानी तथा यात्रुको आवागमनलाई किफायति एवं प्रभावकारी रुपमा संचालन गर्न पूर्व -पश्चिम (मेची- महाकाली) तथा रसुवागढी- काठमाडौं-पोखरा- लुम्बिनी बिद्युतीय रेलमार्ग निर्माणका साथै भारतीय सीमाबाट महत्वपूर्ण औद्योगिक व्यापारिक शहर/क्षेत्रहरुमा रेल सेवा संचालनगर्ने कार्य प्रारम्भ गर्ने गरी रेल यातायातको विकास गरिनेछ ।

१०। बिद्यमान यातायात व्यवस्थापन प्रणालीमा सुधार गरी सर्वसाधारणको आवागमन र वस्तुहरुको ओसारपसार सुरक्षित, भरपर्दो, सर्वसुलभ र कमखर्चिलो बनाइनेछ ।

११। अधिभोग (Occupancy) कम हुने निजी सवारी साधनको प्रयोगलाई निरुत्साहित गरी सार्वजनिक यातायातका साधनको प्रयोग तथा पैदल यात्रा गर्न प्रोत्साहित गर्दै सर्वसाधारणलाई सुरक्षित, सुविधाजनक, प्रदुषणमुक्त र सर्बसुलभ यातायात सेवा प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।

१२। सडक यातायात एवं रेल यातायातको सहयोगि तथा परिपूरक माध्यमको रुपमा संभाब्यताको आधारमा जल यातायात तथा रज्जुमार्गको विकास गर्दै लगिनेछ ।

यस रणनीतिक योजनाको उद्धेश्य प्राप्तीका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आगामी ५ वर्षमा सडक, रेल्वे र यातायात व्यवस्थापन क्षेत्रमा निम्नानुसारका प्रमुख कार्यक्रमहरु संचालन गरिनेछ ।

## प्रमुख कार्यक्रमहरु

### (अ) सडक क्षेत्र

### (क) भूकम्पवाट क्षतिग्रस्त सडक संरचनाहरुको पुर्ननिर्माण

१। अरनिको राजमार्ग, वि.पि. राजमार्ग, गोरखा- बारपाक सडक लगायत भूकम्पवाट क्षति भएका करीब ४०० कि.मि. सडक एवं ८७ वटा पुलहरुको पुनर्निर्माण, पुर्नस्थापना एवं मर्मत संभार कार्य ३ वर्षमा सम्पन्न गरिनेछ ।

२। दोलखा-सिंगटी, पांचखाल- मेलम्ची र धादिङ्ग -आरुघाट -गोरखा गरी १३५ कि.मि. सडकलाई भूकम्प पछिको पुनर्निर्माणको नमूना सडकको रुपमा स्तरोन्नति तथा पुनर्निर्माण कार्य ३ वर्षमा सम्पन्न गरिनेछ ।

## (ख) आधारभूत सडक सञ्जाल विस्तार

१। ७५ जिल्ला सदरमुकाम मध्ये सडक सञ्जालवाट नजोडिएका बांकी दुई जिल्ला सदरमुकाम डोल्पाको दुनैलाई २ वर्षमा तथा हुम्लाको सिमिकोटलाई चीन तर्फवाट २ बर्षमा र कालीकोट तर्फबाट ५ वर्षमा ट्रयाक निर्माण सम्पन्न गरी राष्ट्रिय सडक सञ्जालसंग जोडिनेछ ।

२। हाल ६७ जिल्ला सदरमुकामसम्म कालोपत्रे सडकवाट बाह्रै महिना यातायात संचालन भैरहेकामा आगामी २ बर्षमा थप ४ वटा जिल्लाहरु भोजपुर, खोटाङ, मुस्ताङ र बाजुरा जिल्ला सदरमुकामसम्म तथा मनाङ र मुगुको सदरमुकाममा आगामी ५ वर्षमा कालोपत्रे सडक निर्माण सम्पन्न भई हुम्ला र डोल्पा बाहेक ७३ वटा जिल्ला सदरमुकामसम्म कालोपत्रे सडक सञ्जालवाट बाह्रै महिना यातायात संचालन हुनेछ । बांकी दुई जिल्ला सदरमुकाम सम्मको सडकलाई कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने कार्य प्रारम्भ गरिनेछ ।

३। देहायका १७ वटा महत्वपूर्ण सडकहरु (६५४ कि.मि.) को इण्टरमिडियट/डबल लेनमा स्तरोन्नति कार्य ३ वर्षमा सम्पन्न गरिनेछ ।

| सि.न. | सडकको नाम | लम्बाई (कि.मि.) |
|---|---|---|
| १ | नदाहा-कोशी पुल चतरा रुपनगर सडक | ६१ |
| २ | विराटनगर चक्रपथ | ४२ |
| ३ | लेगुवाघाट-भोजपुर सडक | ६५ |
| ४ | मन्थली-रामेछाप सडक | १३ |
| ५ | हलेसी-दिक्तेल सडक | ३५ |
| ६ | मेची पुल-चन्द्रगढी-विर्तामोड सडक | १२ |
| ७ | लामोसांघु-तामाकोशी-जीरी सडक (लामोसांघु–चरिकोट) | ५५ |
| ८ | शहीद मार्ग सडक (घोराही- घर्तीगाउं खण्ड) | ३२ |
| ९ | लुम्बिनी बुद्धिष्ट सर्किट सडक | ४२ |
| १० | पोखरा रिंङ्ग रोड | ८२ |

| सि.न. | सडकको नाम | लम्बाई (कि.मि.) |
|---|---|---|
| १० | सांफेवगर- मार्तडी सडक (बार्जुगाड- मार्तडी खण्ड) | २८ |
| ११ | बर्दघाट- पालडांडा- त्रिवेणी सडक | १३ |
| १२ | बालाजु- रानीपौवा- ककनी- त्रिशुली सडक | ५६ |
| १३ | छहरे- विदुर सडक | १७ |
| १४ | बल्खु- दक्षिणकाली सडक | १२ |
| १५ | भक्तपुर- नगरकोट- सिपाघाट सडक | १६ |
| १६ | भरतपुर- रामपुर- मेघौली सडक | १६ |
| १७ | जनकपुर- परिक्रमा सडक | ७४ |
| १८ | सिलगढी - साँफेवगर | ६५ |

४। देहायका अन्य महत्वपूर्ण १९ वटा सडकहरु (१५२४ कि.मि.) को इण्टरमिडियट/डबल लेनमा स्तरोन्नति कार्य ५ वर्षमा सम्पन्न गरिनेछ।

| सि.न. | सडकको नाम | लम्बाई (कि.मि.) |
|---|---|---|
| १ | सगरमाथा लोकमार्ग | १३१ |
| २ | शहीद मार्ग (कि.मि. ३१–कि.मि. १५६) | १२५ |
| ३ | उग्रतारा-मेलौली सडक | ७५ |
| ४ | सहजपुर-बोगटान-दिपायल (कि.मि. ५०–कि.मि. १०८) | ६८ |
| ५ | जिरी-सल्लेरी-ढिग्री सडक | १६० |
| ६ | राँके - रवी - भेडेटार सडक | ९० |
| ७ | लामोसाँगु-तामाकोशी-जिरी (चरीकोट-जिरी खण्ड) सडक | ५५ |
| ८ | सेलेघाट - रामेछाप - साँघुटार सडक | ५५ |
| ९ | गैडाकोट - रामपुर - राम्दी (पिपलडाँडा) सडक | १३० |
| १० | लमही - घोराही - तुलसीपुर सडक | ४७ |

| सि.न. | सडकको नाम | लम्बाई (कि.मि.) |
|---|---|---|
| ११ | भालुबाङ - बाघडुला - भिमगीट्टे सडक | ७० |
| १२ | सहजपुर - बोक्टान - दिपायल सडक | ५० |
| १३ | बर्दिबास - जलेश्वर सडक | ४२ |
| १४ | गण्डक क्यानल सडक | ५० |
| १५ | बसन्तपुर-कटाहारीया-कवाहिगोठ-पीप्रादी-पदम सडक | २९ |
| १६ | गुलरिया-म.रा.मा. सडक | २२ |
| १७ | चन्द्रौटा - कृष्णनगर सडक | २० |
| १८ | मुस्ताङ्ग - डोल्पा - जुम्ला | २२५ |
| १९ | शहरी सडकहरु : मलगंवा सडक, सिरहा सडक, नेपालगन्ज, जलेश्वर सडक, राजविराज सडक | ८० |

## (ग) प्रमुख राजमार्गहरुको विकास

१। पूर्व-पश्चिम राजमार्गको काकरभिट्टा-बुटवल (५८८ कि.मि.) खण्डको डि.पि.आर. २ बर्षमा सम्पन्न गरी त्यसपछिको ५ बर्षमा चारलेनको एक्सप्रेसवे निर्माण कार्य सम्पन्न गरिनेछ । साथै वुटवल- गड्डाचौकी (४३९ कि.मि.) खण्डको डि.पि.आर. तयार गरी लेन विस्तार कार्य ५ बर्ष भित्रमा प्रारम्भ गरिनेछ ।

२। पूर्व-पश्चिम राजमार्गको बैकल्पिक खण्डको रुपमा धरान- चतरा- गाईघाट- कटारी- सिन्धुली बजार- हेटौंडा सडक (३१८ कि.मि.) र तुल्सीपुर- पुरन्धारा- बोटेचौर सडक (८६ कि.मि.) यसै बर्ष कार्य आरम्भ गरी दुई लेनको कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने कार्य ३ बर्षमा सम्पन्न गरिनेछ ।

३। पृथ्वी राजमार्गको मुग्लिङ –पोखरा सडक खण्ड (९० कि.मि.) चार लेनमा र रत्न राजमार्गको कोहलपुर-सुर्खेत (८५ कि.मि.) खण्ड तथा सिद्धार्थ राजमार्गको बुटवल-पोखरा (१५७ कि.मि.) खण्डलाई २ लेनमा स्तरोन्नति गर्ने कार्य ३ वर्षमा सम्पन्न गरिनेछ ।

४। मध्यपहाडी (पुष्पलाल) लोकमार्गको कुल लम्बाई १७९७ कि.मि. मध्ये पुनः रेखाङ्कन भएको खुर्कोट- पातिभञ्ज्या[a] खण्डको करिव ११७ कि.मि. ट्र्याक निर्माण कार्य २ वर्षमा सम्पन्न हुनेछ । यसै गरी १०७९ कि.मि. सडकलाई दुई लेनको कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने कार्य ५ वर्षमा सम्पन्न गरिनेछ । सोही अवधिमा बाँकी ५८३ कि.मि. सिङ्गल लेनको कालोपत्रे तथा ५० कि.मि. ग्राभेल स्तरमा निर्माण हुनका साथै सबै (१०५ वटा) पुलहरुको निर्माण कार्य सम्पन्न भएको हुनेछ । मध्यपहाडी (पुष्पलाल) लोकमार्गकै खण्डको रुपमा कोशी करिडोरको घुर्मी–चतरा (१६९ कि.मि.) तथा चतरा-मुलघाट-फिदिम सम्मको ८९ कि.मि. सडक निर्माण प्रारम्भ गरिनेछ । यसवाट पूर्वी नेपाल -भारत सिमानावाट काठमाडौं सम्मको दुरी १३० कि.मि. ले छोटो हुनेछ ।

५। हुलाकी राजमार्गको जम्मा १७९२ कि.मि. लम्बाई सडक मध्ये पूर्व-पश्चिम जोड्ने सडकहरुको लम्बाई ९७५ कि.मि. र उत्तर-दक्षिण जोड्ने सडकहरुको लम्बाई ८१७ कि.मि. रहेको छ जस अर्न्तगत प्रथम चरणको जम्मा ६०७ कि.मि. सडक मध्ये कैलाली जिल्लाको सती- भजनी र लम्की- टिकापुर सडकको सम्पन्न भैसकेको ६० कि.मि. कालोपत्रे सडकको अलावा अन्य २१ वटा सडकहरुको ५४७ कि.मि. सडकको कालोपत्रे कार्य २ वर्षमा सम्पन्न गरिनेछ । हालसम्म अध्ययनको क्रममा उक्त सडकहरुमा आवश्यक देखिएका कुल १५० वटा पुलहरु मध्ये ४५ वटा सम्पन्न भैसकेको, ५८ वटा निर्माणधीन र बांकीको डिजाईन भैरहेकोमा निर्माणाधीन एवं डिजाईन हुने बांकी सम्पुर्ण पुलहरुको निर्माण कार्य ३ वर्षमा सम्पन्न गरिनेछ । दोस्रो चरणको कूल ११८५ कि.मि.सडकहरुको डिपिआर २ वर्षमा तयार गरी निर्माण कार्य ५ वर्षमा सम्पन्न गरिनेछ ।

### (घ) उत्तर-दक्षिण जोड्ने प्रमुख व्यापारिक एवं महत्वपूर्ण सडकहरुको विकास

१। कोशी करिडोर (रानी-विराटनगर-ईटहरी-धनकुटा-लेगुवाघाट–खांदवारी-किमाथांका (३१० कि.मि.) को बांकी ८४ कि.मि. सडक ट्र्याक निर्माण २ वर्षमा सम्पन्न गरिनेछ । धनकुटा-खांदवारी- किमाथांका (२१२ कि.मि.) सडकको डिपिआर १ वर्षमा तयार गरिनेछ र त्यसपछिको ४ बर्षमा दुई लेनमा स्तरोन्नति कार्य सम्पन्न

गरी पूर्वी क्षेत्रमा उत्तर-दक्षिण जोड्ने प्रमुख व्यापारिक मार्गको रुपमा प्रयोगमा आउनेछ ।

२। बेलहिया- भैरहवा- पाल्पा- राम्दी- कालीगण्डकी- रुद्रवेनी- मालढुंगा- बेनी- जोमसोम- चैले- कोरला (३९० कि.मि.) मध्ये राम्दी-कालीगण्डकी-रुद्रवेनी-मालढुंगा- बेनी- जोमसोम २०२ कि.मि. सडक २ लेनको कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने कार्य ३ वर्षमा सम्पन्न गरिनेछ । जोमसोम-कोरला (१०० कि.मि.) सडक दुई लेनको ग्राभेल स्तरमा  स्तरोन्नति कार्य दुई वर्षमा सम्पन्न गरिनेछ ।

३। ठोरी- भण्डारा- मलेखु- गल्छी- त्रिशुली- वेत्रावती- स्याफ्रुवेशी- रसुवागढी (१८८ कि.मि.) सडकको गल्छी- त्रिशुली- वेत्रावती- स्याफ्रुवेशी- रसुवागढी (८२ कि.मि.) खण्ड दुई लेनको कालोपत्रे स्तरमा निर्माण तथा स्तरोन्नति गर्ने कार्य २ बर्षमा सम्पन्न गरिनेछ । ठोरी- भण्डारा- मलेखु (१०६ कि.मि.) २ लेनको कालोपत्रे स्तरमा निर्माण तथा स्तरोन्नति कार्य ५ बर्षमा सम्पन्न गरी भारत-चीन जोड्ने सबै भन्दा छोटो मार्गको रुपमा विकास गरिनेछ ।

४। भिट्टामोड- ढल्केवर- सिन्धुली- मन्थली- दोलखा- सिंगटी- लामाबगर- लाप्चा ( ३१० कि.मि.) सडकको लामावगर-लाप्चा सडकको बांकी १८ कि.मि.ट्र्याक तथा करिव १ कि.मि. सुरुङ निर्माण गर्ने कार्य ३ वर्षमा सम्पन्न गरिनेछ । यसै मार्गको नयाँपुल-सिंगटी खण्डको १५ कि.मि.ट्र्याक निर्माण गर्ने कार्य २ वर्षमा सम्पन्न गरिनेछ । कूल ३१० कि.मि. सडकको दुई लेनमा स्तरोन्नति कार्य ३ बर्षमा प्रारम्भ गरिनेछ ।

५। मुख्य उत्तर-दक्षिण करिडोर एवं छिमेकी दुई देश संग व्यापारको लागि प्रमुख नाकाको रुपमा रहेको वीरगंज- हेटौंडा- नारायणघाट- मुग्लीङ- काठमाण्डौं- धुलिखेल- दोलालघाट- बाह्रविसे- कोदारी (३९० कि.मि.) सडकको धुलिखेल-दोलालघाट-बाह्रविसे (६२ कि.मि.) खण्डलाई ४ लेनमा र बाह्रविसे-कोदारी खण्ड (२५ कि.मि.) लाई २ लेनमा स्तरोन्नति गर्ने कार्य ५ बर्षमा सम्पन्न गरिनेछ । वीरगंज- काठमाडौं करिडोर अर्न्तगत पर्ने नारायणघाट- मुग्लीङ खण्ड (३२ कि.मि.) लाई २ लेनमा विस्तार गर्ने कार्य २ वर्षमा सम्पन्न गर्नुका साथै त्रिशुली नदीको अर्को किनारातर्फ ठिमुरा- मुग्लीङ (२७ कि.मि.) दुई लेन सडक निर्माण

कार्यको डिपिआर २ बर्षमा सम्पन्न गरी निर्माण कार्य प्रारम्भ गरिनेछ । मुग्लीङ -नौविसे-काठमाडौं ११० कि.मि.सडकको डिपिआर तयार गर्ने कार्य २ बर्षमा सम्पन्न गरी लेन विस्तार तथा सुदृढिकरण गर्ने कार्य ५ बर्षमा सम्पन्न गरिनेछ ।

६। जमुनहा- नेपालगंज- बांगेसिमल- खुलालु- लैफु- सिमिकोट- हिल्सा (५२१ कि.मि.) को बांकी १४३ कि.मि. ट्र्याक निर्माण गर्ने कार्य ५ वर्षमा सम्पन्न गरी कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने कार्य प्रारम्भ गरिनेछ ।

७। अन्य महत्वपूर्ण उत्तर-दक्षिण सडकहरुको रुपमा सालभ्रूण्डी– सन्धिखर्क– ढोरपाटन– बडहरे (१९५ कि.मि.), बाग्लुङ्ग– खारावाङ्ग– तम्घास– सन्धिखर्क– भालुवाङ (२१० कि.मि.) तथा दिक्तेल–सल्लेरी (७५ कि.मि.) सडकहरुको विकास तथा स्तरोन्नति गर्ने कार्य ५ बर्षको अवधिमा प्रारम्भ गरिनेछ ।

८। धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण लुम्बिनी चक्रपथ ५०० कि.मि (लुम्बिनी– भैरहवा– त्रिवेणी– दुम्किवास – गैंडाकोट– राम्दी– रिडी– तम्घास – सन्धिखर्क– गोरुसिंघे– तौलिहवा– लुम्बिनी) मध्ये ट्र्याक खुल्न बांकि त्रिवेणी– दुम्किवास (२२ कि.मि.) ट्र्याक खोल्ने कार्य ३ वर्ष भित्र सम्पन्न गर्नुका साथै अन्य खण्डहरुको विस्तार एवं स्तरोन्नति गर्ने कार्य ५ बर्षमा सम्पन्न गरिनेछ । बृहत् लुम्बिनी गुरुयोजना अन्तर्गतका तिलौराकोट– रामग्राम (७९ कि.मि.) तथा मणिग्राम– देवदह–शीतलनगर (१९ कि.मि.) सडकलाई २ लेनको कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने कार्य ३ बर्षमा सम्पन्न गरिनेछ ।

## (ङ) द्विदेशीय व्यापारिक नाका जोड्ने सडकहरुको विकास

१। दक्षिणी सीमा तर्फको व्यापारिक मार्ग विस्तार अर्न्तगत रानी विराटनगर ईटहरी (३० कि.मि.), जटही-जनकपुर-ढल्केवर (३६ कि.मि.), वीरगंज-पथलैया (२८ कि.मि.), बेलहिया-बुटवल (२४ कि.मि.), मोहना पुल-अतरिया-गोदावरी (२० कि.मि.) सडकको चार लेनमा विस्तार/स्तरोन्नति गर्ने कार्य ३ वर्षमा सम्पन्न गरिनेछ भने अन्य संभावित सडक खण्डहरुको संभाव्यता अध्ययन गरिनेछ ।

२। अन्य उत्तर-दक्षिण जोड्ने सडकहरुमा केचना-चारआली-ईलाम-फिदिम-ताप्लेजुङ्ग-ओलाङ्गचुङ्गोला -घारिला सडक (३५९ कि.मि.) को बांकी ६० कि.मि ४ वर्ष.,

ब्रम्हदेव-जोगवुढा-बुडर-सतवांभ्र-दार्चुला-टिंकर (४०० कि.मि.) को बांकी ७५ कि.मि. ३ वर्ष, टिकापुर (कैलाली)-लोडे-साफेबगर-चैनपुर (बझाङ्ग) -ताक्लाकोट (२९० कि.मि.) को बांकी २४५ कि.मि. ७ वर्ष, बेनिघाट-आरुघाट-लार्के (१६२ कि.मि.) को बांकी १०४ कि.मि ट्र्याक ६ वर्षमा निर्माण सम्पन्न गरिनुका साथै स्तरोन्नति गर्न कार्य प्रारम्भ गरिनेछ ।

**(च) काठमाडौं उपत्यका सडक सुदृढिकरण**

१। काठमाडौं– तराई जोड्ने प्रमुख मार्गहरु मध्ये काठमाण्डौं निजगढ द्रुत मार्गको निर्माण गर्ने कार्य ५ वर्षमा सम्पन्न गरिनेछ ।

२। अन्य बैकल्पिक सडकहरुमा कान्ती लोकमार्ग (९२ कि.मि.), दक्षिणकाली- छैमले- सिस्नेरी- कुलेखानी (४५ कि.मि.) सीतापाईला- धार्के (२४ कि.मि.) लाई २ लेनको कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने कार्य ४ बर्षमा सम्पन्न गरिनेछ ।

३। काठमाडौं उपत्यका सडक विस्तार आयोजना अन्तर्गत विस्तारमा रहेका १५७ कि.मि. मध्ये बांकि ८१ कि.मि. सडकको विस्तार गर्ने कार्यलाई ५ बर्षमा सम्पन्न गरी सडक विस्तार कार्यलाई निरन्तरता दिइनेछ । काठमाडौं चक्रपथ (२७ कि.मि.) र भक्तपुर सुर्यविनायक- धुलिखेल (१७ कि.मि.) सडक लाई चार लेनमा स्तरोन्नति गर्ने कार्य क्रमशः २ बर्षमा र ५ बर्षमा सम्पन्न गरिनेछ ।

४। काठमाडौं उपत्यकाको बढ्दो जनघनत्व र सवारी चापलाई ध्यानमा राखी योजनाबध्द वस्ती विकासका लागि ८ लेनको बाहिरी चक्रपथ (Outer Ring Road) निर्माणको आवश्यकता भएको हुंदा प्रस्तावित ७६ कि.मि. लम्बाईको बाहिरी चक्रपथको विस्तृत अध्ययन २ बर्ष भित्र सम्पन्न गरी निर्माण गर्ने कार्य आरम्भ गरिनेछ ।

५। आर्थिक संभाव्यता एवं सवारी साधनको चाप अनुरूप सडकको विकास तथा विस्तार गरिनेछ । शहरीकरणको चापलाई दृष्टिगत गर्दै सुरक्षित, वातावरण मैत्री तथा अवरोध रहित Mass Transportation व्यवस्थापनमा सहयोग पुग्ने गरी सडक सञ्जालको विस्तार गरिनेछ ।

## (छ) पुल निर्माण तथा सम्भार

१। आगामी पांच वर्ष भित्रमा रणनीतिक सडकहरुमा निर्माणधीन २०० वटा एवं स्थानीय सडकहरुमा निर्माणाधीन करिव ४५० वटा पुलहरु गरि ६५० वटा पुलहरुको निर्माण सम्पन्न गरिनेछ । सोही अवधिमा न्यूनतम ५०० नयां पुलहरु निर्माणको बिभिन्न चरणमा रहनेछन् ।

२। सम्पन्न भएका पुलहरुको प्रभावकारी रुपमा मर्मत सम्भार गरिनेछ भने जीर्ण पुलहरुको ठाउंमा नयाँ पुल निर्माण गरी प्रतिस्थापन गरिनेछ । यसको शुरुवातको रुपमा ढल्केवर–पथलैया खण्डका ६७ पुराना पुलहरुको स्थानमा आधुनिक प्रविधी प्रयोग गरी नयाँ पुल निर्माण गरिनेछ ।

३। राजधानी तथा अन्य भू-भागमा समेत विशेष प्रकारका आकर्षक पुलहरुको निर्माण गर्दै लगिनेछ ।

## (ज) सुरुङ्ग मार्ग विकास

आगामी ५ वर्षमा त्रिभुवन राजपथको नागढुंगा तथा लामाबगर– लाप्चा सडकमा सुरुङ्ग मार्ग निर्माण गरिनेछ । टोखा-गुर्जेभञ्ज्याङ्ग सडक तथा सिद्धार्थ राजमार्गको सिद्धबाबा खण्ड लगायत अन्य सम्भाव्य सडक खण्डहरुमा सुरुङ्गमार्गको आर्थिक एवं प्राविधिक संभाव्यता अध्ययन शुरु गरी संभाव्यताका आधारमा निर्माण कार्य प्रारम्भ गरिनेछ ।

## (झ) सडक सञ्जाल सम्भार

१। सडक सम्पत्ति संरक्षण, मर्मत सम्भार एवं व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ । कुल यातायात सञ्चालन लागत न्यूनतम रहने गरी सडक मर्मत सम्भार कार्यलाई प्रभावकारी बनाइनेछ । सडकको सेवा स्तर (Service Quality) को आधारमा सडक मर्मत सम्भार गरिनेछ ।

२। सडक बोर्डको श्रोत साधन तथा कार्य दक्षता अभिबृद्धि गर्दै सडक मर्मत सम्भारका लागि आवश्यक श्रोतमा आत्मनिर्भरता हुने गरी व्यवस्थापन गरिनेछ ।

## (ञ) सडक सुरक्षा

१। राजमार्ग एवं सहायक राजमार्गहरुमा दुर्घटना न्यूनिकरणका लागि डिजाइन, निर्माण, स्तरोन्नतिजस्ता सबै चरणमा Road Safety Audit को व्यवस्था लागू गरिनेछ ।

२। सडक सुरक्षाका लागि Nepal Road Safety Action Plan 2013-2020 बाट प्राप्त सुझाव अनुसारका दुर्घटना न्यूनिकरणका आवश्यक सवै उपायहरुको अनिवार्य रुपमा अवलम्बन गरिनेछ ।

## (ट) अन्य कार्यक्रम

१। सडक तथा पुलहरुको निर्माण तथा मर्मत संभारमा सामाजिक एवं वातावरणीय पक्षको नकारात्मक असर न्यूनिकरणको लागि आवश्यक पर्ने सबै उपायहरुको अवलम्बन गरिनेछ ।

२। वि.पी राजमार्ग (बनेपा-सिन्धुली-बर्दिवास) लाई पर्यटकीय मार्गको रुपमा विकास गरिनुका साथै देशका अन्य सडकहरुको समेत पर्यटकीय उपयोगको संभाव्यता अध्ययन गरिनेछ ।

३। सार्वजनिक निर्माणमा परम्परागत विधि बाहेकका अन्य आधुनिक विधिहरु जस्तै सार्वजनिक निजी साझेदारी, डिजाईन एण्ड विल्ड, निर्माण संचालन तथा हस्तान्तरण (BOT, BOOT) जस्ता विधिहरु अवलम्बन गरिनेछ ।

४। शहरी क्षेत्रमा सडक संचरना निर्माण तथा विस्तार गर्दा पैदलयात्री तथा अपाङ्ग मैत्री बनाइनेछ । साथै प्रमुख शहरी सडकहरु एवं नगरोन्मुख क्षेत्रका सडकहरुमा साइकल लेनको अवधारणा लागू गरिनेछ ।

५। सडक विभागमा अनुसन्धान तथा विकासको लागि स्थायी संरचना स्थापित गरी कृयाशील बनाईनेछ । सडक विभागको हालको संरचनालाई मुलुकले अगाल्ने संघीय संरचना बमोजिम पुनर्गठन गरिनेछ । सडक तथा पुल निर्माणमा गुणस्तर कायम राख्नका लागि आवश्यकतानुसार प्रयोगशालाहरुको स्थापना/ सुदृढीकरण गरिनेछ ।

६। सडक विभागको Mid Term Review of Sector Wide Programme and Priority Investment Plan, 2015 अनुसार देशमा आधारभूत सडक सञ्जालको कार्य करिब

सम्पन्न भएकोले रणनीतिक सडकहरुको संख्या वढाउन नहुने र आवश्यकताका आधारमा सम्पूर्ण रणनीतिक सडकहरुको सुदृढिकरण एवं स्तरोन्नति गर्न आवश्यक भएकाले सडक विभागवाट प्रोजेक्ट डाटा बैंक तयार गरी क्रमशः सबै रणनीतिक सडकहरुलाई कम्तिमा दुई लेनमा कालोपत्रे स्तरमा स्तरोन्नति गरिनेछ।

७। सडक मर्मत संभार एवं आकस्मिक कार्यको लागि न्यूनतम आवश्यक पर्ने आधुनिक यन्त्र उपकरणहरुको खरिद गरिनेछ। सडक विभाग अर्न्तगतका हेभी ईक्युपमेन्ट डिभिजनहरु एवं आईटी सम्बन्धी ईकाईलाई समय सापेक्षरुमा सुदृढिकरण एवं विकास गरिनेछ।

८। देशमा हेभी ईक्युपमेन्टहरु सर्वसुलभ रुपमा प्राप्त हुने गरी सार्वजनिक– निजी साझेदारी अवधारणामा Heavy Equipment Leasing Company ६ महिनामा स्थापना गरी संचालनमा ल्याइनेछ।

## (आ) रेल्वे क्षेत्र

१। मेची– महाकाली विद्युतीय रेलमार्ग (९४५ कि.मि.)

(क) बर्दिबास- सिमरा- वीरगंज १३६ कि.मि.रेलमार्गको ट्रयाकबेड तथा पुल पुलेसाको निर्माण कार्य ४ वर्षमा सम्पन्न गरिनेछ।

(ख) बर्दिबास- काकरभिट्टा (२६२ कि.मि.) को ट्रयाक वेड तथा पुल पुलेसा निर्माण कार्य ५ वर्ष भित्र सम्पन्न गरिनेछ।

(ग) बुटबल- गड्डाचौकी रेलमार्ग (६६७ कि.मी.) को बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पार्ने कार्य २ बर्षमा सम्पन्न गरी ट्रयाकबेड तथा पुल पुलेसाको निर्माण कार्य आरम्भ गरिनेछ।

(घ) निजगढ- हेटौडा- भरतपुर विद्युतीय रेलमार्ग (१३५ कि.मि.) को बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पार्ने कार्य १ बर्षमा सम्पन्न गरिनेछ।

२। रसुवागढी- काठमाडौं- पोखरा- लुम्बिनी विद्युतीय रेलमार्ग अनुमानित ५१९ कि.मी. विद्युतीय रेलमार्गको बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पार्ने कार्य ३ वर्षमा सम्पन्न गरी निर्माण गर्ने कार्य आरम्भ गरिनेछ।

३। जयनगर- जनकपुर- बर्दिबास (६९ कि.मि.) रेलमार्ग निर्माण गर्ने कार्य ३ वर्षमा सम्पन्न गरी रेल सेवा सञ्चालनमा ल्याइनेछ ।

४। कटहरी- बिराटनगर- बथनाहा (१३ कि.मि.) रेलमार्ग निर्माण गर्ने कार्य २ वर्षमा सम्पन्न गरी रेल सेवा सञ्चालनमा ल्याइनेछ ।

५। काठमाडौं उपत्यका भित्रको पूर्व- पश्चिम तथा उत्तर- दक्षिण लामा रुटहरु फर्पिङ- बूढानिलकण्ठ, थानकोट- धुलिखेल तथा चक्रपथ जस्ता संभाव्य रुटहरुमा मेट्रो रेल संचालनका लागि १ वर्षमा विस्तृत अध्ययन सम्पन्न गरी निर्माण गर्ने कार्य आरम्भ गरिनेछ ।

६। देशको रेलमार्ग विकास एवं रेलवे सेवा संचालन गर्न सक्षम हुने गरी रेल विभागको सुदृढीकरण गरिनेछ ।

**(इ) यातायात व्यवस्थापन क्षेत्र**

१। काठमाडौं उपत्यकाका ३५ वाट ट्राफिक जंक्सनहरुमा Intelligent Traffic System जडान गरी सवारी नियन्त्रण तथा सवारी अनुशासन अनुगमन गर्न Traffic Management Center को स्थापना गर्ने कार्य २ बर्षमा सम्पन्न गरिनेछ ।

२। काठमाडौं महानगर भित्र ७ कि.मि. ऐतिहासिक पैदल सम्पदा मार्ग तथा १५ कि.मि. पैदलमार्ग निर्माण गर्ने कार्य १ बर्षमा सम्पन्न गरिनेछ ।

३। भित्री चक्रपथ (बिष्णुमती- लिकंरोड- लैनचौर- धोबीघाट- बाग्मती करिडोर सडक) १६ कि.मि. मा Bus Rapid Transit ५ वर्ष भित्र संचालनमा ल्याइनेछ ।

४। काठमाडौं शहरको मध्य भागमा सवारीको चाप कम गर्न चोभार र सल्लाघारीमा २ वटा वस टर्मिनल स्थापना गरी ५ बर्षमा संचालनमा ल्याइनेछ ।

५। काठमाडौं उपत्यकामा छरिएर रहेका करिब २०० सार्वजनिक यातायातका रुटहरुलाई ३ तहमा वर्गिकरण तथा समूहिकृत गरी उक्त रुटहरुमा संचालन गरिने वसहरुको मापदण्ड तत्काल तोकिनेछ ।

६। आधुनिक रुट वर्गिकरण वमोजिम आठ वटा Primary तथा सोह्रवटा Secondary Routes मा लामबद्ध भई बस चढ्ने प्रणाली सहितको कण्डक्टर रहित (विद्यूतीय टिकट प्रणाली) Bus Mass Transit २ बर्षमा संचालन गरिनेछ ।

७। नेपाल भरिका सम्पूर्ण सवारी साधनहरुमध्ये कम्तीमा २० प्रतिशत सवारी साधनहरुलाई ५ वर्षमा वातावरण मैत्री सवारी साधनमा रुपान्तरित गरिनेछ ।

८। देश भरिका करीव २५ लाख सवारी चालक अनुमतिपत्र तथा सवारीधनी दर्ता प्रमाणपत्रलाई ५ वर्षमा स्मार्ट कार्डमा रुपान्तरण गरिनेछ ।

९। करीव २५ लाख सवारी साधनका नम्बर प्लेटलाई ५ वर्षमा ईम्बोस्ड नम्बर प्लेटमा रुपान्तरण गरिनेछ ।

१०। टेकुमा निर्मित सवारी परीक्षण केन्द्र तत्काल सञ्चालन गरिनुका साथै प्रत्येक प्रदेशमा कम्तिमा एक–एक वटा सवारी परीक्षण केन्द्र निर्माण गर्ने कार्य २ बर्षमा सम्पन्न गरी सञ्चालनमा ल्याईनेछ ।

११। चारपांग्रे सवारीको लागि ट्रायल सेण्टर नभएका यातायात व्यवस्था कार्यालय कोशी, नारायणी, धौलागिरी र कर्णालीमा ट्रायल सेण्टरको निर्माण कार्य २ बर्षमा सम्पन्न गरिनेछ ।

१२। सवारी चालक अनुमतिपत्रको लागि निवेदन दिने, सवारी साधनको दर्ताको निवेदन, नवीकरण दस्तुर लगायत राजश्व तिर्ने कार्यहरु अनलाइनबाट गर्न सकिने ब्यवस्था १ बर्षमा गरिनेछ ।

१३। बीस वर्ष भन्दा पुराना सार्वजनिक सवारी साधनहरु २ बर्ष भित्र विस्थापन गरिनेछ ।

१४। गृह मन्त्रालयसँग समन्वय गरी नेपालका सवै सार्वजनिक सवारीमा कायम रहेको Syndicate प्रणालीको अन्त्य १ बर्षमा गरिनेछ ।

## (इ) जल यातायात तथा रज्जुमार्ग

१। कोशी, गण्डकी, कर्णाली लगायतका नदीहरुमा स्ट्रिमर एवं अन्य जल यातायातको संभाब्यता अध्ययन गरी संभाव्य नदीहरुमा जल यातायात संचालन गरिनेछ ।

२। सडक विकासका लागि भौगोलिक र प्राविधिक दृष्टिले संभाब्य नहुने तथा धार्मिक एवं पर्यटकीय स्थलहरुमा रज्जुमार्गको निर्माण तथा संचालन गरिनेछ ।

## अपेक्षित उपलब्धीहरु

माथि उल्लिखित कार्यक्रमहरु सम्पन्न हुंदा आगामी ५ बर्ष अवधिको अन्त्यमा देहायका उपलब्धीहरु प्राप्त हुनेछन् ।

| कार्यक्रम | उपलब्धी |
| --- | --- |
| **१. सडक उपक्षेत्र** | |
| भूकम्पवाट क्षतिग्रस्त भएका सम्पुर्ण सडक एवं पुलहरुको पुनःस्थापना | |
| सडक | ४०० कि.मि. |
| पुल | ८७ संख्या |
| भूकम्प पछिको पुर्ननिर्माणको नमूना सडकहरुको रुपमा स्तरोन्नतितथा पुर्ननिर्माण । | १३५ कि.मि. |
| सडक सञ्जाल विस्तार | |
| राष्ट्रिय सडक सञ्जालसंग जोडिने जिल्ला सदरमुकाम (हाल ७३) | ७५ |
| सदरमुकाम सम्म कालोपत्रे सडक सञ्जाल पुग्ने जिल्ला (हाल ६७) | ७३ |
| प्रमुख राजमार्गहरुको एवं महत्वपूर्ण सडकहरुको विकास तथा स्तरोन्नति | |
| चारलेन स्तरमा विस्तार तथा स्तरोन्नति (हाल ४५ कि.मि.) | ९४१ कि.मि. |
| दुई लेन स्तरमा विस्तार तथा स्तरोन्नति (हाल १२६६ कि.मि) | |
| विस्तार तथा स्तरोन्नति | २६६३ कि.मि. |
| निर्माण /स्तरोन्नति | १९०१ कि.मि. |
| जम्मा | ४६५६ कि.मि. |
| क्रमागत रुपमा थप कालोपत्र हुने SRN सडक | ४४०० कि.मि. |
| पुल निर्माण सम्पन्न (हाल १९०४ वटा) | २५५४ संख्या |
| पुल निर्माण विभिन्न चरणमा रहेको हुने | ५०० संख्या |
| प्रयोगमा आउने थप प्रमुख पूर्व पश्चिम सडकहरुः<br>○ मध्यपहाडी (पुष्पलाल) लोकमार्ग,<br>○ धरान–हेटौंडा र तुल्सीपुर–सुर्खेत सडक<br>○ हुलाकी लोकमार्ग (Phase-1) | |

| कार्यक्रम | उपलब्धी |
|---|---|
| प्रयोगमा आउने उत्तर-दक्षिण सीमा जोड्ने थप प्रमुख मार्गहरुः<br>○ रानी– इटहरी– धनकुटा–खांदवारी-किमाथांका सडक ३१० कि.मि.<br>○ वीरगंज-नारायणघाट-काठमाण्डौ-तातोपानी सडक ३९२ कि.मि<br>○ ठोरी-भण्डारा-मलेखु-गल्छी-त्रिशुली-वेत्रावती-स्याफ्रुवेशी-रसुवागढी १८८ कि.मि.<br>○ बेलहिया-भैरहवा-पाल्पा-राम्दी-कालीगण्डकी-रुद्रवेनी-मालढुंगा-बेनी-जोमसोम-चैले-कोरला सडक ३९० कि.मि. | |
| काठमाडौं – निजगढ द्रूतमार्ग निर्माण | ७६ किमि |
| **२. रेल उपक्षेत्र** | |
| रेलमार्ग निर्माण सम्पन्न भई रेल संचालन | ८५ कि.मि |
| नँया रेलमार्ग बेड ट्र्याक तथा पुल निर्माण | ३९८ कि.मि. |
| **३. यातायात उपक्षेत्र** | |
| काठमाडौं उपत्यका भित्र ऐतिहासिक पैदल सम्पदा मार्ग निर्माण<br>पैदलमार्ग निर्माण | ७ कि.मि.<br>१५ कि.मि. |
| बिष्णुमती- लिकंरोड- लैनचौर- धोबीघाट- बाग्मती करिडोर सडकमा Bus Rapid Transit संचालनमा हुने | १६ कि.मि. |
| सवारी चालक अनुमतिपत्र तथा सवारीधनी दर्ता प्रमाणपत्रलाई स्मार्ट कार्डमा रुपान्तरण | २५ लाख |
| सवारी साधनका नम्बर प्लेटलाई ५ वर्षमा ईम्बोस्ड नम्बर प्लेटमा रुपान्तरण | २५ लाख |
| नेपालका सवै सार्वजनिक सवारीमा कायम रहेको Syndicate प्रणालीको अन्त्य हुनेछ | |
| ○ काठमाडौ उपत्यका भित्रका ५७३ कि.मि. सडकमा विद्यमान २०० रुट ५६ रुटमा कायम भई ३०९ कि.मि. सडकको २४ रुटमा लामवद्ध भएर बस चढ्ने प्रणाली सहितको कन्डक्टर रहित Bus Mass Transit २ वर्षमा सञ्चालनमा आउने ।<br>○ ४८३३०० भेहिकल कि.मि. प्रतिदिनवाट १५५००० भेहिकल कि.मि प्रतिदिन कायम भई प्रति वर्ष अमेरिकि डलर ३४ मिलियन वचत हुन जाने । | |
| गैह्रकर राजश्वको दरहरुमा परिमार्जन गरिएकोले आगामी ५ बर्षमा कूल राजश्वमा प्रत्येक बर्ष करिब १५ प्रतिशतले बृद्धि भई यातायात क्षेत्रको कूल बार्षिक राजश्व आ.ब. २०७७/०७८ मा रु. २५ अर्ब ५० करोड पुग्ने । | |

## अनुमानित लगानी

माथि उल्लिखित कार्यक्रमहरु संचालन गर्नको लागि नियमित बार्षिक विनियोजनका अतिरिक्त सडक पूर्वाधार क्षेत्रका लागि रु. ६२० अर्ब, रेल पूर्वाधार तथा अन्य क्षेत्रका लागि रु. १८० अर्ब एवं यातायात व्यवस्थापन क्षेत्रका लागि रु. १६ अर्ब गरी जम्मा रु. ८१६ अर्ब लगानी गर्नु पर्ने देखिन्छ । प्रत्येक आ.व. को लागि राष्ट्रिय योजना आयोगबाट प्राप्त हुने सिलिंग र अर्थ मन्त्रालयबाट प्राप्त हुने वजेट विनियोजनको आधारमा अद्यावधिक गरिंदै लगिनेछ ।

आवश्यक लगानी नेपाल सरकारको आफ्नै स्रोत परिचालन गर्दै भारत सरकार, EXIM Bank of India, चीन सरकार, EXIM Bank of China, एशियालि विकास वैंक, विश्व वैंक, जापान सरकार, संयूक्त राज्य अमेरिका (Millenium Challenge Corporation), संयूक्त अधिराज्य जस्ता मित्र राष्ट्र तथा दातृ निकायहरुसंगबाट प्राप्त गर्नका लागि अर्थ मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले विभिन्न चरणमा परामर्श र छलफल अघि वढाएको छ ।